नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७८।०७९
चलानी नं :

मितिः- २०७८।०४।०७

## चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

नयाँ भेरियन्ट सहितको कोभिड-१९को संक्रमणको जोखिम यस जिल्लामा अझै सम्म पनि उच्च रहेको तथा यस जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्ट (डेल्टा भेरियन्ट) समेत पुष्टि भैसकेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा (४), संक्रामक रोग ऐन २०२० को दफा (२) र स्थानीय प्रशासन ऐन २०२८ को दफा (६) को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मिति ०७८।०१।१५ गते जारी गरिएको आदेशलाई तपशिल बमोजिम हुने गरी मिति २०७८।०४।०७ गते राती १२:०० बजे देखि मिति २०७८।०४।१४ गते राती १२:०० बजे सम्म चितवन जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको व्यहोरा अनुरोध छ ।

क) संचालन गर्न नपाइने सेवा तथा कार्य :

१. भौतिक रूपमा उपस्थित भई हुने सबै प्रकारका सभा, सम्मेलन, सेमिनार, जात्रा, महोत्सव सञ्चालन ।

२. सिनेमा, पार्टी प्यालेस, हेल्थ क्लब, दोहोरी रेष्टुरेन्ट, फनपार्क, फुटसल, फिटनेस सेन्टर, जिमखाना, स्पा, स्वीमिङ्गपुल, ब्युटीपार्लर तथा सैलुन सञ्चालन ।

३. विश्वविद्यालय, क्याम्पस, विद्यालय लगायत सबै शैक्षिक संस्थाहरूमा भौतिक रुपमा उपस्थित भई हुने पठन/पाठन लगायतका शैक्षिक गतिविधि सञ्चालन ।

४. मठ, मन्दिर, मस्जिद, गुम्वा तथा चर्च लगायतका धार्मिक स्थलमा दैनिक नित्य पूजा बाहेक अन्य जमघट गर्न नपाइने ।

ख) संचालन गर्न पाइने सेवा तथा कार्य :

१. औषधि, अक्सिजन सिलिण्डर तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल एग्रोभेट तथा भेटेरीनरी औषधि पसल, पुस्तक तथा स्टेशनरी पसल सञ्चालन ।

२. जिल्ला स्थित सबै सरकारी कार्यालयहरूले जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गर्ने सुनिश्चितता गरी सेवा प्रवाह गर्ने । बढि भिडभाड हुने कार्यालयहरूले हप्ताको बार अनुसार फरक/फरक बार सेवाप्रबाह हुने स्थानीय तह तोकी आलोपालो प्रणाली अवलम्बन गरी भिडभाड नहुने प्रबन्ध मिलाई सेवाप्रबाह गर्ने ।

३. खाद्यान्न, तरकारी, फलफूल, दुध डेरी माछा/मासु, अण्डा, चल्ला, दाना, खाना पकाउने ग्याँस सम्बन्धी पसल, एग्रोभेट, बिउबिजन, रासायनिक मल र भेटेनरी औषधि पसल दैनिक रुपमा सञ्चालन गर्न पाइने ।

४. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स पसल, भाँडा पसल, कपडा पसल, फेन्सी पसल, कस्मेटिक तथा गिफ्ट पसल, सुनचाँदी पसल, पुजा सामाग्री पसल, फर्निचर तथा फर्निसिङ, अटोमोबाइल, मोटरपाट्र्स, जुत्ता चप्पल, टेलरिङ, प्रेस तथा फोटोकपी पसल, वर्कशप, निर्माण सामग्री बिहान ११:०० बजे देखि साँझ ७:०० बजे सम्म सञ्चालन गर्न पाइने ।

प्रेमलाल लामिछाने
जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

☎ टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७८।०७९
चलानी नं :

५. खाजा घर, रेष्टुरेण्ट र मिठाई पसलहरु वेलुकी ७:०० बजे सम्म सञ्चालन गर्ने पाइने ।

६. जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गर्ने सुनिश्चितता गरी बैंक, बित्तीय संस्था, सहकारी, विमा तथा रेमिट सेवा सञ्चालन गर्न पाइने।

७. उद्योग/कलकारखानाको हकमा जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गरी सञ्चालन गर्ने । नियमित कामदारहरुको परीक्षणको व्यवस्था गर्ने ।

८. होटेल/लज सञ्चालन सम्बन्धमा जनस्वास्थ्यका निर्धारित मापदण्ड पालन गरी कुल कोठा संख्याको एक तिहाई संख्या नबढ्ने गरी सञ्चालन गर्न पाइने । कोठाहरु प्रत्येक दिन अनिवार्य रुपमा निसंक्रमण गर्ने ।

ग) संचालन गर्न पाइने सवारी साधनहरु :

१. अत्यावश्यक सेवामा प्रयोग गरिने सवारी साधनहरु, खाद्यान्न लगायत अत्यावश्यक उपभोग्य सामग्री ढुवानी गर्ने सवारी साधनहरु, निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनहरु, मालवाहक सवारी साधनहरु, सरसफाई तथा फोहोर मैला व्यवस्थापन कार्यमा प्रयोग हुने सवारी साधनहरु।

२. समाचार संकलन/संप्रेषणका लागि परिचयपत्र बाहक संचारकर्मीले प्रयोग गरेका र पत्रपत्रिका वितरणका लागि प्रयोग भएका सवारी सधान ।

३. अन्तराष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरूको हकमा हवाइ टिकट, पासपोर्ट र भिषाको निस्साको आधारमा सिधै एयरपोर्ट सम्म जाने सवारी साधन ।

४. राजमार्ग भई अन्य जिल्लामा जाने सवारी साधनहरु ।

५. जिल्ला भित्र संचालन हुने सार्वजनिक सवारी साधनमा जोर गते जोर नम्वर र विजोर गते विजोर नम्वरका सवारी साधनमा देहायका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्नेः-

- सिट क्षमता भन्दा बढी यात्रु नराखे ।
- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने ।
- मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- चालक र सहचालकले अनिवार्य मास्क र भाइजर लगाउने ।
- सवारी साधनको ढोकामा स्यानिटाइजरको व्यवस्था गर्ने ।
- सवारी साधन दैनिक निसंक्रमण (Disinfection) गर्ने ।

६. यस जिल्लावाट छुट्ने मध्यम तथा लामो दुरीका सार्वजनिक सवारीसाधनको हकमा माथि ५ नं बुँदामा उल्लेखित मापदण्ड अनिवार्य रुपमा पालना गर्ने/गराउने गरी अत्यावश्यक प्रयोजनमा सम्वन्धित यातयात व्यवसायी संघ/समितिको सिफारिस एवमं जिल्ला ट्राफिक प्रहरी कार्यालयको समन्वयमा सीमित संख्यामा संचालन गर्ने । अन्य जिल्लावाट आउँने सवारी साधनको हकमा सम्वन्धित जिल्लाको सिफारिस भए/नभएको हेरी संचालन गर्न दिने ।

२०७८।०१।०६
प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या : ०७८।०७९
चलानी नं :

७. यहि मिति २०७८।०४।०९ गतेबाट भरतपुरमा सञ्चालन हुने चिकित्सा शिक्षा आयोग द्धारा लिइने स्नातक तहको प्रवेश परीक्षा तथा निकट भविष्यमा सञ्चालन हुने ११ कक्षा लगायत निर्धारित अन्य परीक्षा सञ्चालन सम्बन्धमा देहाय बमोजिमको प्रबन्ध मिलाई परीक्षा सञ्चालन गर्ने :

- परीक्षा सञ्चालनमा संलग्न शिक्षक, कर्मचारी तथा परीक्षार्थी सबैले मास्कको प्रयोग लगायत नेपाल सरकारले तोकेका कोभिड-१९ सँग सम्बन्धित जनस्वास्थ्यका निर्धारित मापदण्ड पूर्णरूपमा पालना गर्ने/गराउने सुनिश्चितता गरी परीक्षा सञ्चालन गर्ने ।
- परीक्षा संचालन गर्दा एउटा कोठामा २५ जना भन्दा बढी नराखे । एउटा वेन्चमा एक जना परिक्षार्थी मात्र रहने गरी Z आकारमा सिटप्लान गर्ने ।
- परीक्षार्थीहरू हलमा प्रवेश गर्नुपूर्व र परीक्षा समाप्त भए पश्चात पनि जनस्वास्थ्यका मापदण्ड बमोजिम भौतिक दुरी कायम हुने व्यवस्था मिलाउने ।
- स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी परीक्षा हल, शौचालय, खानेपानी स्थलमा अनिवार्य दैनिक निसंक्रमण (Disinfection) गर्ने ।
- कोभिड-१९ संक्रमित परीक्षार्थीको हकमा स्वास्थ्य सुरक्षा सतर्कता अपनाई अन्य सामान्य परीक्षार्थीहरूको परीक्षा सुरू भएको ३० मिनेट पछि मात्र प्रवेश गराई अरू परीक्षार्थीको परीक्षा सकिएको ३० मिनेट पछि परीक्षा हलबाट निस्कने व्यवस्था मिलाउने ।

घ) संक्रमण दर घट/वढ भएमा यस आदेशमा भएका व्यवस्थाहरु जुनसुकै समयमा पनि पुनरावलोकन गर्न सकिनेछ ।

ङ) साथै उल्लिखित आदेशको पालना तथा कार्यान्वयनमा यस अघि झै आवश्यक सहयोग, समन्वय तथा सहजिकरण हुन सम्बद्ध सबै सरोकारवाला र आम चितवनबासी दिदीबहिनी तथा दाजुभाई समक्ष हार्दिक अनुरोध छ ।

च) उल्लिखित आदेशको अवज्ञा गर्ने वा आदेशको कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७८।०४।०६
प्रेमलाल लामिछाने
प्रमुख जिल्ला अधिकारी